## चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ७ मितिः २०७७/०२/२

## भाग–२

## चुमनुव्री गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७७

**चुमनुव्री गाउँपालिका**

**सिर्दिबास, गोरखा**

**गण्डकी प्रदेश ।**

# चुमनुव्री गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि २०७७

**प्रस्तावनाः** चुमनुव्री गाउँपालिका क्षेत्रभित्र रहेका पुर्वाधार, सम्पदा, उपकरण आदीको मर्मत सम्भार कार्यलाई व्यवस्थित बनाउन प्रभावकारी रुपले खर्च गरी मितव्ययिता र दिगो बनाउन आवश्यक भएको, मर्मत सम्भार सम्बन्धी कार्यहरुको नियमन गर्न र लाभग्राहीहरुलाई जवाफदेही बनाउन वाच्छनीय भएकोले चुमनुव्री गाउँपालिकाको विनियोजन ऐन बमोजिम बिनियोजित बजेटको कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) बमोजिम गाउँ कार्यपालिकाबाट पारित गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"चुमनुव्री गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नालेः **"चुमनुव्री गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७७"** लाई सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले चुमनुव्री गाउँपालिकालाई सम्झनुपर्छ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले चुमनुव्री गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले चुमनुव्री गाउँपालिकालाई सम्झनुपर्छ।

(ङ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफुहरु मध्यबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समुह समेतलाई जनाउँदछ।

(च) "अध्यक्ष" भन्नाले चुमनुव्री गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चुमनुव्री गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "भौतिक पुर्वाधार" भन्नाले गाउँपालिका क्षेत्रभित्रका सडक, बाटो, ढल,

कल्भर्ट, कुलो, पुल, खानेपानी, तटबन्ध, भवन खेल मैदान तथा यस्तै अन्य सार्वजनिक संरचनाका अतिरिक्त पुरात्तात्विक, सांस्कृतिक, ऐतिहासिक सम्पदा वा सो जन्य पुर्वाधार समेतलाई सम्झनुपर्छ ।

**३.उद्देश्यः** यो कार्यविधिको उद्देश्य निम्नानुसार रेहको छः

(क) पुर्वाधारहरु दिगो रुपमा संचालन हुने अवस्थाको सिर्जना गर्ने,

(ख)स्थानीय श्रम, सीप र प्रविधिको उपयोग गरी आयोजनाहरुको मर्मत सम्भार गर्ने,

(ग)समयमा नै मर्मत सम्भार गर्दा थप धन, जन र संरचनाको नोक्सानी हुनबाट जोगाउने,

(घ) संरचनाको तत्काल मर्मत सम्भार गर्ने

**४.मर्मत सम्भार कोष स्थापनाः** (१) गाउँपालिकामा एउटा छुटै मर्मत सम्भार कोषको स्थापना गरिनेछ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) गाउँ सभाबाट विनियोजित भएको रकम

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम

(ग) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

(घ) राष्ट्रिय तथा अन्र्तराष्ट्रि संघ संस्थाहरुबाट प्राप्त हुने रकम

(ङ) अन्य श्रोतबाट मर्मत सम्भार कोषमा प्राप्त हुने रकम

**५. खर्च गर्ने कार्यक्षेत्रः** (१) मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिनेछः

(क) ढल निकास मर्मत सम्भार, ह्युम पाइप खरिद तथा मर्मत कार्य

(ख) वडा कार्यालय तथा सामुदायिक भवनहरु मर्मत कार्य

(ग) खोपानी मुहान, पाईप तथा धारा मर्मत कार्य

(घ) विद्युत लाईन मर्मत तथा भाँचिएको पोल मर्मत कार्य

(ङ) सडकका खाल्डा खुल्डा पुर्ने तथा मर्मत सम्भार कार्य

(च) तटबन्ध, बाँध मर्मत तथा ग्याविन जाली लगाउने कार्य

(छ)सामुदायिक विद्यालयहरु, स्वास्थ्य चौकीहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य

(ज) पुल तथा कल्भर्ट सामान्य मर्मत सम्भार कार्य

(झ) गोरेटो तथा घोडेटो बाटो मर्मत कार्य

(ञ) भैरीपरी आउने आकस्मिक स-साना कार्यहरु
(ट) धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको मर्मत सम्भार कार्य

**६. आयोजनको कार्यान्वयन र व्यवस्थापनः** (१) मर्मत सम्भार हुने आयोजनाहरु गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा, सहकारी संस्था, गैर सरकारी संस्था, सामुदायिक संस्थाहरुले उपभोक्ता समितिबाट दोहोरो नपर्ने गरी कार्यान्वयन गराउनुपर्नेछ।

(२) उपभोक्ता समितिका सदस्यहरुलाई आयोजना मर्मत सम्भारका लागि तालिम आवश्यक भएमा सो समेत प्रदान गर्न सकिनेछ ।

(३) उपभोक्ता समितिले त्यस्तो आयोजनाबाट सेवासुविधा प्राप्त गर्ने उपभोक्ताहरुबाट नियमानुसार सेवा शुल्क अशुल गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सेवा शुल्कको रकम सम्बन्धित आयोजनको मर्मत सम्भार र संरक्षणमा खर्च गर्नुपर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको आम्दानी खर्चको विवरण उपभोक्ता समितिले अद्यावधिक गरी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि एक लाख सम्म लागत अनुमान भएका आयोजनाहरुको मर्मत सम्भार कार्य अमानतबाट गराउन बाधा पर्ने छैन ।

**७. खर्च गर्ने विविध र प्रक्रियाः** (१) मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि र प्रक्रिया निम्नानुसार हुनेछः

(क) मर्मत सम्भार कोषबाट एउटा आयोजनाको मर्मत सम्भारका लागि एक पटकमा तीन लाख भन्दा बढी रकम खर्च गर्न पाईने छैन ।

(ख) एकपटकमा अधिकतम तीन लाख सम्मको मर्मत सम्भार सम्बन्धी कार्यको रकम प्राविधिक लागत अनुमानको आधारमा समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ । आयोजनाको र्ममत सम्भार कार्य सम्पन्न भएको एक महिना भित्र सम्बन्धित वडा समितिको निर्णय सहित कार्य सम्पन्न प्राविधिक मुल्याङ्कन प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) वडा समितिको सिफारिसको आधारमा आकस्मिक मर्मत सम्भार कार्यका

लागि अधिकतम पच्चास हजार सम्मको रकम समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ, तर त्यस्तो कार्यको कार्यसम्पन्न प्राविधिक मुल्याङ्कन प्रतिवेदन सात दिन भित्र सम्बन्धित वडा समितिले निर्णय सहित कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(घ) तीन लाख भन्दा बढी लागत अनुमान भएको आयोजनाको मर्मत सम्भार कार्य गर्नु परेमा श्रोतको सुनिश्चितताको लागि समितिले गाउँ सभामा सिफारिस गर्नुपर्नेछ ।

(ङ) कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीले कार्यसम्पन्न प्राविधिक मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) अनुगमन प्रतिवेदन तथा आवश्यक विल भरपाई, डोर हाजिरी फारम र वडा समितिको सिफारिस तथा अनुगमन समितको सिफारिसका आधारमा मर्मत सम्भार कार्यको भुक्तानी दिइनेछ ।

(छ) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतमा खर्च गर्न पाईने छैन ।

**८. मर्मत सम्भार कोष सञ्चालक समितिः** (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संचालन गर्न देहाय बमोजिमको एक मर्मत कोष सञ्चालक समिति रहने छः

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) पुर्वाधार विकास समितिको संयोजक - सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(च) पुर्वाधार विकास शाखाको प्रमुख/प्रतिनिधि एकजना - सदस्य

(छ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित वडाका प्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक संचालन कार्यविधि समिति आफैले निर्धाण गरे बमोजिम

हुनेछ ।

**९. मर्मत सम्भार कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) मर्मत सम्भार कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्र मर्मत सम्भार गर्नुपर्ने विभिन्न आयोजनाहरुको प्राथमिकता तोकी वार्षिक कार्यक्रम तथा कार्ययोजना बनाउने ।

(ख) मर्मत सम्भार कोषमा जम्मा हुने रकमको सुनिश्चित गर्ने ।

(ग) सडक,ढल,खानेपानी,सिचाई,पुल,कल्भर्ट,तटबन्ध,भवन सम्पदा लगाएतका क्षेत्रको नियमित,पटके ,आवधिक वा आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यहरुको लागि व्यवस्थापकीय कार्य गर्ने ।

(घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने ।

(ङ) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

(च) आवश्यकता अनुसार मर्मत सम्भार समिति गठन गरी कार्य जिम्मेवारी दिने ।

(छ) मर्मत सम्भारको कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउन निर्देशन दिने ।

**१०. कोष संचालनः** (क) कोषको नाममा प्राप्त हुन आएको रकम चुमनुव्री गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

(ख) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(ग) कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाले र अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. मर्मत सम्भारको लागि छनौटको मापदण्डः** (१) उपभोक्ता समिति, वडा समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाट बजार व्यवस्थापन समितिबाट मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।

(क) सबै भन्दा बढी क्षति भएको भौतिक संरचनाहरु

(ख) भौतिक संरचना तथा पुर्वाधारहरुको महत्वको आधारमा

(ग)लाभान्वित हुन जनसंख्या वा घरधुरीको आधारमा
(घ)मर्मत सम्भारबाट हुने लाभको आधारमा
(ङ) सार्वजनिक भौतिक संरचनाको दिर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा
(च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा

**१२. अनुगमन तथा सुपरिवेक्षणः** (१) मर्मत सम्भार कोषबाट संचालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्यांकन देहाय बमोजिम हुनेछः
(क) प्रत्येक मर्मत कार्यको वडा स्तरिय अनुगमन समितिबाट अनुगमन गर्नुपर्ने छ ।
(ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष संचालक समितिबाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ ।
(ग) वडा स्तरिय अनुगमण समितिले अनुगमण प्रतिवेदन मर्मत सम्भार कोष संचालक समिति समक्ष पेश गर्नु पर्दछ ।
(घ) अनुगमन प्रतिवेदनमा औल्याईएका सुझावहरुलाई मर्मत सम्भार कोष संचालक समितिमा छलफल गरी आवश्यक सुधार गर्नु पर्नेछ ।

**१३. फ्रिज नहुनेः** (१) मर्मत सम्भार कोषमा खर्च नभई बाँकी रहेको रकम आर्थिक वर्षको अत्यमा फ्रिज हुने छैन ।

**१४. अधिकार प्रत्यायोजनः** (१) समितिले यस कार्यविधि बमोजिमको अधिकार गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. संशोधन वा परिमार्जनः** (१) यस कार्यविधिको कुनै दफामा संशोधन वा परिमार्जन गर्नुपरेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१६. कानुन बमोजिम हुनेः** यो कार्यविधिमा उल्लेख गरिएका विषयहरु यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुने छन ।

**१७. बचाउः** यो कार्यविधि कार्यान्वयन हुनु भन्दा अगाडी भएका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत